"समृद्ध राप्ती नगरको आधार, कृषि, पर्यटन र पूर्वाधार"

# समृद्ध राप्ती

## ई-बुलेटिन

२०८० फाल्गुन २८ गते सोमवार

Monday, Mar 11 2024

● वर्ष-१ | ● अंक-४

Email :rraptimunicipality42@gmail.com

समृद्ध राप्ती - ई बुलेटिन    web : www.raptimunchitwan.gov.np    SAMBRIDHHA RAPTI - E-bulletin

# राप्ती नगरपालिकाद्वारा ज्येष्ठ

## नागरिकको घरघरमा स्वास्थ्य परीक्षण सुरु



चितवन । चितवनको राप्ती नगरपालिकाले ज्येष्ठ नागरिकको घरघरमा स्वास्थ्य परीक्षण सुरु गरेको छ । नगर पालिकामा बसोबास गर्ने ज्येष्ठ नागरिकको हरेक हप्ता स्वास्थ्य परीक्षण गर्ने नगरपालिकाले जनाएको हो । ज्येष्ठ नागरिकको घरमै पुगेर सुगर, प्रेसर, आँखा, छाला लगायत रोगको जाँच हुनभएको हो ।

"गाउँमा यसरी डाक्टरहरु आएर हाम्रो परीक्षण गरेर नि:शुल्कमा औषधी पाइन्छ भन्ने सोचेका पनि थिएनौ", नगरपालिकाले हाम्रो समस्या बुझ्यो, बल्ल सरकार भएको महसुस भयो, स्थानीयवासीहरुले भने । उनीहरुले नगर पालिकाले यो खालको सुविधा दिदैँ गाउँमै सिंहदरबार आएको अनुभूति भएको पनि जनाएका छन ।

परीक्षणका क्रममा ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्थाबारेमा जानकारी लिएर आवश्यक परामर्श, खानपान र स्याहारका सम्बन्धमा जानकारी दिने हरेक हप्ता जानकारी दिने नगर पालिकाको तयारी छ ।



**श्री शमशेर लामा**
नगर प्रमुख
सम्पर्क : ९८५५०६२२३२



**श्री देवेन्द्र लामा**
नगर उप प्रमुख
सम्पर्क : ९८५५०५०६१०



**श्री निलम कुमार न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत
सम्पर्क : ९८५५०४३१११



**श्री दिपक थिङ**
सूचना अधिकारी
सम्पर्क : ९८६०८३६३९४

## हार्दिक शुभकामना

नयाँ वर्ष २१ ५१ क्षु-फो-ताक्लो को उपलक्ष्यमा सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, सुस्वास्थ्य र प्रगतिको शुभकामना व्यक्त गर्दछौ ।

यस वर्षको ग्याल्पो ल्होसारको सबैलाई शुभकामना



शमशेर लामा
नगर प्रमुख
राप्ती नगरपालिका चितवन

# जनतासंग वडा अध्यक्ष

# भष्ट्रचार गर्दिन, जनतामुखि काम गर्छु उत्पादनमा ध्यान दिन्छु : ओली

राप्ती । राप्ती नगरपालिका वडा नं ३ का वडाअध्यक्ष शिवकान्त ओलीले भष्ट्रचार मुक्त वडा निर्माणमा लाग्ने बताएका छन । जनताको राय र सुझाव लिने उद्देश्यले सञ्चालन गरेको जनतासंग वडाअध्यक्ष कार्यक्रममा उनले सो कुरा बताएका हुन । वडाका अगुवा, राजनैतिक दलका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि सहितको उपस्थितीमा आयोजित कार्यक्रममा उनले आफुपनि भष्ट्रचार नगर्ने र भष्ट्रचार हुननदिने प्रतिवद्धता जाहेर गरेका हुन । वडा अध्यक्ष ओलिले राज्यको पैसा जनताको पक्षमा खर्चनुपर्ने भन्दै वडावासीलाइ शंका नगर्न आग्रह गरे । आफु निर्वाचित भएको २० महिना सम्मको अवधिमा वडामा भएका गतिविधि र यसको बिषयमा जनताको राय बुझ्न र आगामी आर्थिक बर्षको तयारीको लागी सजिलो हुने भन्दै कार्यक्रम आयोजना गरिएको उनले बताए । उनका अनुसार वडाले बैशाख बाट बजेटको खाका तयार पार्ने र जेठ महिनामा आएर टुंगो लगाउने भएपछि अहिलेनै जनताको समस्या बुझ्न सकिने हुदा कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका नेता ज्ञान बहादुर राइले वुद्ध शान्ति मा. वि. को पठन पाठन किन कमजोर भएको वडा सरकारको भुमिका के हुन सक्छ भन्दै प्रश्न नगरेका थिए । एमाले र काग्रेसका जनप्रतिनिधिले नगरमा किन ताला लगाएको ? नगरमा किन पुजाआजा गरेको ? भन्दै आफ्नो जिज्ञाशा राखेका थिए ? जवाफमा वडाअध्यक्ष ओलिले बुद्धशान्ति माविको शिक्षाको बिषयमा उनले यसमा सम्पुर्ण निकायले ध्यान दिनुपर्ने र साच्चै कमिकमजोरी भएको खण्डमा त्यसको समाधानको लागी आवश्यक पहल गरिने बताए ।

बाकि पेज नं २ मा

# जनतासंग वडा अध्यक्ष................

उनले नगरमा लागेको ताला र स्वस्ति शान्तिको आफुहरुको इच्छा होइन तर नगर पालिका प्रमुखसंगको आपसी असमझदारि र नगरको विकासमा आफुहरुको माग रहेको भन्दै चरणवद्ध आन्दोलनमा यो पनि एउटा पाटो भएको भन्दै यसको समाधानको अन्तिम विन्दुमा आफुहरु पुगेको बताए ।

अर्का अगुवा राम वहादुर हिमाल राईले अहिले सम्म जनताको काममा के के गर्नु भएको छ ? भन्दै प्रश्न गरेका थिए । गएको बजेट कहा कहा बिनियोजित भएको र अव कसरी जनता समक्ष प्रस्तुत हुने भन्दै जिज्ञाशा राखेका थिए ।

उनको जिज्ञाशामा अध्यक्ष ओलिले वडाले जनतामुखि काममै गरेर गएको विनियोजित बजेट सकेको र यो बर्ष पनि सोहि अनुपातमा काम हुने बताए । अव जनतालाइ आम्दानी र आयमा जोड्ने उनले बताए ।

अर्का सहभागि श्यामकृष्ण आचार्यले आफु बुद्धशान्ति माविका व्यवस्थापन समितिका अध्यक्ष भएको नाताले मिडियामा आएको जस्तो विद्यालयमा कमजोर पठनपाठन नभएको भन्दै अहिले आएको नतिजा आन्तारिक नतिजा भएको यसले अन्तिम परिक्षाको लागी तयारी गर्ने गरिएको कारण सवै विद्यालयमा यस्तै किसिमको नतिजा आउने उनले बताए । गएको बर्ष विद्यालय उत्कृष्ट नतिजा ल्याइ नगरमा प्रथम भएको समेत उनले बताए ।

अर्का सहभागि डा. सुमन कार्किले कृषिसंग सम्वन्धित बजेट प्रदेशवाट माग गर्नु पर्ने,वडावाटै रोजगारमुलक शिक्षा सुरु गर्ने कुरामा आफ नो राय र सुझाव दिए । उनको सुझावलाइ नगर कार्यपालिकामा पेश गर्दै वडा वाट पनि यसकिसिमको प्रयास हुने बताए । वडाका युवालाइ रोजगारीमा जोड्न प्रयत्न हुने भन्दै सुझावको लागी धन्यवाद दिएका थिए । सहभागि रोजन उप्रेतिले यूवा लक्षित कार्यक्रम ल्याउनको लागी आफ्नो राय पेश गरे ।

उनले खेती योग्य जमिन धेरै भएको तर मल समयमा नपाएको गुनासो समेत राखेका छन । उनले वडामा कृषि लक्षित कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने बताए । वडा अध्यक्ष ओलिले किसानले भोगेको मुख्य समस्यानै मलको भएको भन्दै यसको समाधानको लागी नगरपालिका आफैले कम्पोष्ट मल उत्पादन गरेको भन्दै त्यसलाइ पनि प्रयोग गर्न आग्रह गरे ।

अवका दिनमा युवा लक्षित काम गर्ने र आवश्यक समन्वयनको लागी अनुरोध गरे । कार्यक्रममा अखिल महिला किसान महासंघ उपाध्यक्ष प्रतिभा पाण्डे ले तरकारि, मासु, दुध र अन्न वालिको उचित बजार व्यवस्थापन व्यवस्थापन गर्नुपर्ने, विषादि रहित खाने अन्न, साग पात तरकारी समेत जनता समक्ष पुरयाउन पहल गर्नुपर्ने बताइन ।

उनले सुझाव मनन गर्दै अघि बढ्ने र यसको लागी कृषि शाखासंग समन्वय गर्ने उनले प्रतिवद्धता जनाए । अर्का अगुवा पुष्प राज ओलीले वडामा उठ्नु अघि घोषण पत्रको अनुसार कार्य भए नभएको ध्यानदिनुपर्ने, टोल विकाश संस्था विवाद आएमा स्वयं उपस्थित भएर मिलाउनु पर्ने उपभोक्ता समिति बन्न नसकेको ठाउमा जन प्रतिनिधि गएर बनाउनु पर्नेमा जोड दिए । जवाफमा वडा अध्यक्ष ओलिले घोषणा पत्र अनुसारनै काम भइरहेको र आफ्नो कार्यकालमा पुरा गर्ने बताए । यसका अलवा टोल र उपभोक्ता समिति गठन गर्नको हदै सम्मको प्रयास भएको भन्दै नभएका ठाउमा थप चासो दिने बताए ।

अर्का सहभागि सुन बहादुर प्रजाले जनतालाइ अनुदानमुखि काममा सहभागि हुनुपर्नेमा जोड दिए ।

अर्को सहभागि एवं सञ्चारकर्मि गोपाल विश्वकर्माले यस्ता कार्यक्रम गर्दा सुचना प्रवाहमा ध्यानदिनुपर्ने सुझाव दिए । यसका अलवा सामुदायिक वनको निवार्चनमा वडाको भुमिका के हो ? बुद्धशान्तिको पठनपाठनमा किन यतिका समस्या ? टोल विकास संस्था गठनमा किन ढिलाइ र विकास निर्माणमा उपभोक्ता समिति बनाउदा सहि हुन नसकेको गुनासो गरे ।

जवाफमा वडाअध्यक्ष ओलिले सामुहिक काम र यसको लागी वडाले गर्ने काममा केहि ढिलाइ भएको हुन सक्ने तर यसको अर्थ काम नगर्ने भन्ने नभएको उनले जिकिर गरे । उनले यो कार्यक्रमको लागी पनि आवश्यक सुचना प्रवाह गरेको भन्दै यसमा कतिपनि कन्जुस्याइ नगरिएको बताए । अहिले सम्म निर्वाचन हुन नसकेको वनको बिषयमा भने आवश्यक परामर्श भइरहेको र सर्वदलिय समेत डाकेर छलफल हुने बताए । वडा अध्यक्षको हैसियतले गर्नुपर्ने काममा कति पनि कमि नगर्ने बताए । उनले टोल र उपभोक्ता समिति निर्माणमा आफु सहभागि भएर काम गर्ने बताए । यदि टोल र उपभोक्ता समिति बनाउदा समानता नभएको भन्ने लागेको भए अब बन्ने समितिमा सवैलाइ बराबरी सहभागिता गराइने प्रतिवद्धता जनाए ।

अन्तमा अर्को अगुवा एवं माओवादीका नगर उपाध्यक्ष श्याम पाठक नवराजले यस्ता कार्यक्रम टोलटोलमा राख्नुपर्ने भन्दै सवैलाइ सहभागि हुने वातावरण मिलाउन आफ्नो राय दिए । उनले दलित र जनजातिका लागी स्वास्थ्य विमा निशुल्क गराउनु पर्ने किन नभएको : वडाको काममा पारदर्शि किन नगरिएको ? अनुदान पाउने लक्षित समुहमा वडाले ध्यान नदिएको धमिलीको लागी छुट्याइएको २० लाख अन्य ठाउमा किन अर्च गरिएको ? गत साल स्प्रे पम्प बाड्दा पारदर्शि नभएको भन्दै आफ्नो जिज्ञाशा राखेका थिए ।

वडामाथिको बाटो ढलान प्रभावकारि नभएको र सेतुको घर किन निर्माoा हुन नसकेको भन्दै प्रश्न गरे । दशै अघि बनाउने भनिएको विपन्नको घर नबनेको भन्दै वडाले यसमा कहिले ध्यान दिने भन्दै प्रश्न गरे ।

जवाफमा ओलिले स्वास्थ्य विमा विपन्न परिवारको लागी गरिएको हरेक बर्ष यो प्रकृया जारी रहेको उनले बताए । यसमा दलित र जनजातिनै समावेश भएको भन्दै आगामी दिनमा यस किसिमको प्याकेजमा ध्यान दिने प्रतिवद्धता जनाए । वडाले गत बर्ष बाडेको पम्प आफ्नो कार्यकालमा वाइने अवसर पाएको तर अधिल्लो सरकारलेयसलाइनिर्णय गरेको भन्दै लक्षित वर्गको बिषयमा आफु जानकार नभएको बताए ।

निर्णय भएका कुरालाइ आफुले परिवर्तन गर्न नमिल्ने बताए । यसका अलवा विपन्नको लागी बनाइने घरमा नगर वडा आफै लागि परेको बताए । यसका लागी आवश्यक परामर्श र तयारी भएको बताए । अहिले कोहिको सम्झौता भएका र कोहिको हुने क्रम रहेको बताए । तर बनाउनु पर्ने जनताको घर पक्का बन्ने उनले ठोकुवा गरे ।

## सम्पादकीय

# घरघरमा सेवा

चितवनको राप्ती नगरपालिकाले ज्येष्ठ नागरिकको घरघरमा स्वास्थ्य परीक्षण सुरु गरेको छ । नगरपालिकाको उक्त कार्यलाई यहाँका नागरिकले खुलेर प्रशंसा गरेका छन । नगरपालिकामा बसोबास गर्ने ज्येष्ठ नागरिकको हरेक हप्ता स्वास्थ्य परीक्षण गर्ने यो जनाका साथ उक्त कार्यको थालनी गरि एको हो । मुलुकको राज्य व्यवस्था परिर्वतन भएपछि बनेका स्थानीय सर कारले नगरबासीको घरघरमै उपचार गर्ने प्रचलनको सुरुवात गरेको हो । राप्ती नगरपालिकाले प्राथमिकताका साथ सुरु गरेको यो काम अन्तर्गत यहाँका स्वास्थ्यकर्मीहरु घरदैलोमै पुगेर ज्येष्ठ नागरिक उपचार सुरु गरेका छन । स्वास्थ्यकर्मीहरुले ज्येष्ठ नागरिकको घरमै पुगेर सुगर, प्रेसर, आँखा, छालालगायत रोगको जाँच गर्दै आएका छन । गाउँमा यसरी डाक्टरहरु आउन थालेपछि नगरबासीहरु दंग परेका छन । विरामी हुँदा लामो बाटो काटेर अस्पताल जानुपर्ने बाध्यताको अन्त्य भएको छ । घरमै उपचार गरेर नि:शुल्कमा औषधि पाइन्छ भन्ने सोचेका पनि थिएनौं, नगरपालिकाले हाम्रो समस्या बुझ्यो, बल्ल सरकार भएको महसुस भयो भन्ने स्थानीयहरुबाट आवाज सुनिन लागेको छ । परीक्षणका क्रममा ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्थाबारेमा जानकारी लिएर आवश्यक परामर्श, खानपान र स्याहार सुसारका बारेमा समेत बुझाउने गरिएको छ । राप्ती नगरपालिकाले विपन्न नागरि कलाई नि:शुल्क एम्बुलेन्स सेवा र नि:शुल्क स्वास्थ्य बिमा समेत सुरु गरेको छ । सो नगरपालिकाको पहाडी क्षेत्रमा अधिकाँस सीमान्तकृत चेपाङ समुदायको बसोबास छ । आर्थिक अभावका कारण अस्पताल जानाने बर्गका लागि स्वास्थ्यमा राप्तीले सुरु गरेका कार्यक्रमबाट नगरबासीहरुले पूर्ण लाभ लिन सक्ने छन । अस्पताल सम्म आउन एम्बुलेन्स, उपचारको लागि लाग्ने खर्च बिमाबाट हुने भएपछि यहाँका नागरिकलाई स्वास्थ्य पूर्ण रुपमा नि:शुल्क भएको छ । अहिले उपचारमा सबैभन्दा बढी खर्च हुने गरेको छ । थोरै पैसा लिएर अस्पताल जानुपर्ने आर्थिक हैसियत भएका विपन्न नागरिक उपचार पुरा नगरी घर फर्किएको कयौं उदाहरणहरु छन । पैसा नभएर मर्नुपर्ने अबस्थाको अन्त्य हुन सक्केको छैन । राप्ती नगरपालिकाले भने विपन्न समुदाय पैसाको अभावमा उपचार नपाएर मर्नुपर्ने अबस्थाको अन्त्य गर्न स्वास्थ्य नि:शुल्क हुने गरी एक पछि अर्को योजना ल्याएको छ ।

## घटना दर्ता..... अघिल्लो अंक वाट

१३. के शैक्षिक प्रमाणपत्रको आधारमा जन्म मिति सच्याउन सकिन्छ ?

उत्तर : सकिन्छ । तर एस.एल.सी. उत्तीर्ण भएको मितिले ६ महिना नाघेको अवस्थामा मात्र एस.एल.सी. को लब्धाकं पत्र र विद्यालयले दिएको चारित्रिक प्रमाणपत्रको आधारमा जन्म मिति सच्याउन सकिने व्यवस्था रहेको छ । एस. एल. सी. उत्तिर्ण भएको ६ महिनाभित्र जन्म दर्ता प्रमाणपत्रको आधार मा एस. एल. सी बाईले शैक्षिक प्रमाणपत्रमा विवरण सच्याई दिने व्यवस्था रहेको छ ।

१४. बाबुआमा नभएका व्यक्तिको पालनपोषण गर्ने व्यक्ति सूचक बनी जन्म दर्ता गर्न मिल्दछ ?

उत्तर: मिल्दैन । यसमा प्रश्न ५ को सूचकको महलमा उल्लेख भए बमोजिम स्थानीय तहका पदाधिकारीले सूचक बस्नु पर्ने हुन्छ ।

१५. विदेशी नागरिकको मृत्यु दर्ता गर्न मिल्दछ ?
उत्तर: मिल्दछ ।

१६. विदेशी नागारिकको मृत्यु दर्ता गर्न को सूचक हुन्छ र के के कागजातको आवश्यकता पर्दछ ?
उत्तर : सम्बन्धित देशको राजदुतावास वा नियोगले प्रमाणित गारिदिएको सूचक वा आधिकारिक व्यक्तिले सूचक हुन पाउँछ । यसका लागि निम्नानुसारको थप कागजात समेत चाहिन्छ ।
क. मृत्यु भएको अस्पताल वा प्रहरी प्रतिवेदन,
ख. सम्बन्धित देशको राजदुतावासको सिफारिस वा कुनै कार्यालय वा योजनामा कार्यरत रहेको भए प्रमुखको रितपूर्वकको पत्र ।

१७. विदेशी नागरिक र नेपाली नागरिक बीच भएको विवाह दर्ता गर्न मिल्दछ ?

उत्तर : मिल्दछ । विदेशी नागरिक र नेपाली नागरिक बीच भएको विवाह प्रमुख जिल्ला अधिकारी वा कानूनले तोकेको अधिकारीद्वारा विवाह दर्ता ऐन, २०२८ बमोजिम प्रदत विवाहको प्रमाण देखिने कागजातको आधारमा मात्र दर्ता गर्न सकिन्छ ।

१८. नेपाली पुरुष र भारतीय महिलाबीच भएको विवाह दर्ता गर्न के गर्नु पर्दछ ?
उत्तर : यस्तो विवाह दर्ता गर्न विवाह दर्ता ऐन, २०२८ को प्रकृया पुरा गर्नु पर्दैन तर विवाह दर्ता प्रमाणपत्रमा पत्नीको नागरिकता नम्बरको महलमा भारतीय पासपोर्ट नम्बर वा भारतीय नागरिक जनिने विवरण उल्लेख गर्नु पर्दछ ।

१९. वेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न के गर्नुपर्दछ ?
उत्तर : वेपत्ता भएको आधिकारिक प्रमाण, विवाहित महिलाको सासू वा ससुरा वा देवर वा जेठाजु भएमा निजहरुमध्ये १ जना समेत कम्तीमा ५ जना भएको स्थलगत सर्जमिन मुचुल्काको आधारमा वेपत्ता भएका नागरिकको विवाह दर्ता गर्न सकिन्छ ।

२०. पतिले विवाह दर्ता गर्न इन्कार गरेको खण्डमा के गर्नुपर्दछ ?
उत्तर : पतिले विवाह दर्ता गर्न ईन्कार गरेमा नाता कायम भएको प्रमाणपत्र वा नाता कायमबारे अदालतको फैसलाको आधारमा विवाह दर्ता गर्नुपर्दछ ।

२१. के विदेशमा सम्बन्ध बिच्छेद भएकाको दर्ता नेपालमा गर्न मिल्दछ ?
उत्तर : दौत्य सम्बन्ध भएको मुलुकको अदालतमा सम्बन्ध विच्छेद गर्ने नेपाली नागारिकको हकमा नेपाली

२२. सम्बन्ध विच्छेदको दर्ता कहाँ गर्नु पर्दछ ?
उत्तर: सम्बन्ध विच्छेदको घटना दर्ता पतिको स्थायी ठेगाना भएको गा.पा./न.पा.मा मात्र गर्नु पर्दछ ।

२३. विवाह दर्ता गर्न जन्म दर्ता आवश्यक छ छैन?
उत्तर: छैन । तर पति-पत्नीको व्यक्तिगत विवरण विवाह दर्ता एवं जन्म दर्ता प्रमाणपत्रहरुमा फरक नपरोस भनी सुनिश्चित गर्नका लागि आवश्यक पर्न सक्छ ।

२४. बसाईं सराईं दर्ता गर्दा घरजग्गा हुनु आवश्यक छ छैन ?
उत्तर: मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ को दफा २ को आशय बमोजिम ६ महिना भन्दा बढी अवधिदेखि सो ठाउँमा बसोबास गरेका छन् छैनन भन्ने हेर्ने आधार आवश्यक पर्छ ।

## दोहोरो सञ्चालक सम्वन्धमा

प्रकाशित मिति : २०८०/११/२४

सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा राप्ती नगरपालिकाको सहकारी ऐन, २०७४ लागु भै कार्यन्वयनमा रहेको व्यहोरा अवगत नै छ। सहकारी ऐन, २०७४ को दफा ४१ को उपदफा १५० मा कुनै व्याक्ति एकै समयमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्ने छ र उपदफा १६० मा उपदफा १४० र १५० मा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुन अघि कुनै व्याक्ति एक भन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सो ही वा अर्को सहकारी संस्थाको कर्मचारी भएमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनुपर्नेछ, भन्ने उल्लेख भएको साथै राप्ती नगरपालिकाको सहकारी ऐन २०७४ को दफा ३० को उपदफा १६० मा यो ऐन प्रारम्ध हुनु अघि कुनै व्याक्ति एक भन्दा बढि संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनुपर्नेछ भन्ने स्पस्ट कानूनी व्यवस्था रहेको र सहकारी बिभाग प्रशासन तथा सहकारी प्रबंधन शाखा० को आ।व।२०६०२०८१ च।नं।६८२ मिति २०८०२०८२१० गतेको पत्रमा समेत कुनै प्रारम्भिक संस्था वा विषयगत जिल्ला वा प्रदेश संघको सञ्चालक केन्दीय संघमा निर्वाचित भई निर्वाचित पदको शपथ ग्रहण लिएपछि त्यस अघि कायम रहेको संस्थाको सञ्चालक समितिको पद स्वत: नरहने भन्ने व्यहोरा रहेको हुनाले यस नगरपालिका भित्र रहेका केही सहकारी संस्थाहरुको सञ्चालक प्रारम्भिक सहकारी संस्थाको सञ्चालक भई सकेपछि विषयगत जिल्ला सहकारी संघको सञ्चालक भई सो पदको शपद लिएको देखिन आएकाले त्यस्ता सञ्चालकहरुले १० दिन भित्र प्रारम्भिक सस्थाबाट अलग भई सहकारी ऐन, नियमावली अनुसार संस्था सञ्चालन गर्न गराउन हुन अनुरोध छ ।

**राप्ती नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, चितवन**

## लगत संकलन तथा समितिको नामावली पेस गर्ने सम्बन्धमा

प्रकाशित मिति : २०८०/११/०२

प्रस्तुत विषयमा मिती २०८०।११।०१ गतेको राष्ट्रिय भूमि आयोगको दोस्रो पटक प्रकाशित सुचना अनुसार भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित वसोवासीहरुलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीले जग्गा पाउन आयोगले तोकेको ढाँचामा निवेदन फारम भरी मिति २०८०।११।०१ गते देखी ३५ दिन भित्रमा लगत संकलन गरी पेश गर्नहुन साथै वडा स्तरिय भूमिहीन तथा अव्यवस्थित वसोवासी व्यवस्थापन सहजीकरण समिति गठन नगरेको भएमा गठन गरी र गठन भएको भएमा समितिको नामावली पेस गर्नुहुन यो सार्वजनिक सुचना प्रकाशित सुचना गरिएको छ ।

**राप्ती नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, चितवन**

२५. मतदाता परिचयपत्र भएको तर बसाईं सराईं नभएको व्यक्ति र परिवारसँग सम्बन्धित घटना दर्ता कहाँ गर्ने ?
उत्तर : मतदाता परिचयपत्र पाउने र व्यक्तिगत घटना दर्ता दुई अलग अलग कानून अनुसार हुने हुँदा व्यक्तिगत घटना दर्ता सम्बन्धित व्यक्तिको स्थायी ठेगाना भएको स्थानको पञ्जिकाधिकारीबाट हुनु पर्छ । मतदाता परिचयपत्र भएकै स्थानमा दर्ता गर्ने चाहना हो भने पहिले सेवाग्राहीले बसाईं सराईं गराउनु पर्छ ।

२६. व्यक्तिगत घटना दर्ता गर्दा नागरिकताको प्रमाणपत्र आवश्यक हुन्छ हुँदैन ?
उत्तर:प्रमाणपत्रमा नागरिकता नं. उल्लेख हुनु पर्छ । जस्तै :- जन्म दर्तामा बाबु र आमाको, मृत्यु दर्तामा मृतकको, विवाह दर्तामा पति र पत्नीको, सम्बन्ध विच्छेद दर्तामा दर्ता माग गर्ने पति वा पत्नीको र बसाईं सराईंमा सूचकको । त्यस्तै व्यक्तिगत घटना दर्ता नेपालमा बसोबास गर्ने विदेशीका लागि पनि भएकोले नागरिकताको स । विदेशी नागरिकको पासपोर्ट नम्बर उल्लेख गर्नु पर्छ ।

२७. पहिले जारी भएको प्रमाणपत्रको प्रतिलिपि माग गरेको अवस्थामा नयाँ ढाँचामा प्रतिलिपि दिने मिल्छ वा मिल्दैन ?
उत्तर: मिल्दछ । सामान्यतया अङ्ग्रेजी भाषामा समेत प्रमाणपत्र लिने प्रयोजनका लागि सेवाग्राहीले यस्तो माग गर्न सक्छन् । स्थानीय पञ्जिकाधिकारीले यस्तोमा पुरानो प्रमाणपत्र कार्यालयको अभिलेखमा रहने गरी खिची लिने र अङ्ग्रेजी तथा नेपाली दुवै भाषा भएको प्रमाणपत्रको प्रतिलिपि प्रदान गर्नु पर्छ ।

२८. स्थानीय पञ्जिकाधिकारीको दस्तखत नभएको प्रमाणपत्रको कसैले नक्कल माग गरेको अवस्थामा के गर्ने ?
उत्तर: यस्तो अवस्थामा दर्ता किताब हेरी एवं तत्कालिन पञ्जिकाधिकारीको दस्तखतको नमूना समेत भिडाई जारी गने अधिकारीको नाम कतै उल्लेख भएको पाईएमा नाम समेत राखी प्रमाणपत्र दिने । दर्ता किताबबाट पनि नाम पत्ता नलागेमा तर प्रमाणपत्रमा उल्लेखित सबै व्यहोरा दुरूस्त भएको अवस्थामा स्थानीय पञ्जिकाधिकारीको नाम, थरको ठाउँमा "द." मात्र लेख्ने । प्रमाणपत्रको प्रतिलिपि जारी गर्दा पञ्जिकाधिकारीको नाम, थर, र मिति राखी दस्तखत समेत गरी प्रमाणित गर्ने ।

# समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम

## प्रकाशित मिति : २०८०/११/११

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि बिकास निर्देशनालय, हेटौडाको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम मा प्रस्ताव पेश गर्ने मिति २०८०/ ११/०९ गते पहिलो पटक प्रकाशित मितिले ३० दिनको सूचना प्रकाशित भएकोले सो सूचना यसै साथ संलग्न राखि आदेश अनुसार प्रकाशित गरिएको छ। साथै उक्त कार्यक्रम सन्चालन गर्ने कार्यविधि कृषि विकास निर्देशनालयको वेवसाइट *http://doad.bagmati.gov.np* बाट डाउनलोड गर्न सकिने छ।

**राप्ती नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, चितवन**

### महत्वपुर्ण सर्म्पक नम्वर

राप्ती नगरपालिका चितवन : ०५६-५५००१५
राप्ती नगर प्रमुख : ९८५५०६२२३२
राप्ती नगर उपप्रमुख : ९८५५०५०६१०
सुचना अधिकारी : दिपक थिङ : ९८६०८३६३९४
भण्डारा अस्पताल : ०५६-५५००३७
निशुल्क एम्वुलेन्स : ९८५५०५०२४५
निशुल्क रगतको लागी : ०५६-५९५८८०
जिल्ला प्रहरी कार्यालय चितवन : १००
इ. प्रहरी कार्यालय भण्डारा : ९८५५०९०३०३
दमकल :०५६५८२५४६
विघुत प्राधिकरण भण्डारा : ०५६-५५०३६६
राप्ती उद्योग वाणिज्य संघ : ९८५५०६६३२२

सञ्चार माध्यम सर्म्पक न

हाम्रो राप्ती एफ एम : ९८५१०७४०६२
बिशाल न्युज दैनिक : ९८४३६०५३२८
सजिलो पाटी मिडिया : ९८१११८६०८७
द भ्वाइस अफ इण्डिजिनियस : ९८६५५१३५५३
द भ्वाइस अफ मगर : ९७६२३४५७४५

# दादुरा-रूबेला खोप अभियान

**२०८० फाल्गुन २० देखि चैत्र १ गते सम्म**

९ महिना देखी १५ वर्ष मुनिका सम्पूर्ण बालबालिकालाई दादुरा-रूबेला रोग विरूद्धको खोप लगाईन्छ । तपाईको सम्बन्धीत वा पायक पर्ने स्वास्थ्य संस्थामा सम्पर्क गरि आफ्ना नानीबाबुलाई दादुरा-रूबेला रोग विरूद्धको खोप लगाउनुहुन अनुरोध छ । यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालाई छुट भएको खोप पनि लगाईने भएकोले खोप कार्ड लिई आउनुहुन अनुरोध छ ।




खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

स्वास्थ्य शाखा
राप्ती नगरपालिका
नगरकार्यपालिकाको कार्यालय भण्डारा, चितवन